# Chapter - Fifteen
# अध्याय पन्ध्र

# Divine Healing
# ईश्वरिय चंगाई

ईश्वरिय चंगाईको विषय अलिक विवादास्पद भए तापनि निश्चय पनि यो धर्मशास्त्रमा अस्पष्ट भने छैन । वास्तवमा, प्रभु येशूको चंगाईको विषयमा चारवटै सु-समाचारमा एक-दशक जति लेखिएको छ । पूरानो करारमा, सु-समाचारका पुस्तकहरूमा र नयाँ करारका पत्रहरूमा ईश्वरिय चंगाईको लागि प्रतिज्ञाहरू छन् । रोग-बिमारीहरूले विश्वास बृद्धि गर्ने धर्मशास्त्रका पदहरूबाट स्वास्थ्य हुने कुरामा ठूलो उत्साह पाउन सक्छन् ।

संसारभरि नै यो मेरो सामान्य अवलोकन भएको छ, कि जहाँ मण्डलीहरू उच्च तवरले समर्पित भएका विश्वासीहरू (साँचो चेलाहरू) ले भरिएका हुन्छन् , त्यहाँ ईश्वरिय चंगाईले धेरैभन्दा धेरै स्थान ओगटेको हुन्छ । जहाँ मण्डली तातो नचिसोको हुन्छ र कृत्रिम खालको हुन्छ, त्यहाँ ईश्वरिय चंगाई धेरै कम मात्रामा हुने गरेको पाईन्छ ।[५६] यी सबै कुराहरूले हामीलाई अचम्भमा पारेको हुनु हुँदैन, जसरी प्रभु येशूले हामीलाई भन्नु भएको छ, कि विश्वासीहरूमा चिन्हहरूमध्ये यो एउटा चिन्ह पनि हुनेछ, कि तिनीहरूले रोगीबिरामीहरूमाथि हात राख्नेछन् र तिनीहरू निको हुनेछन् (हेर्नुहोस् मर्कूस १६:१८) । यदि हामीले मण्डलीहरूलाई प्रभु येशूले भन्नु भएझैं विश्वासीहरूमा यी कुराहरू भएका छन् , कि छैनन् भनेर जाँच गर्नु हो भने, हामी यो निष्कर्षमा पुग्ने छौं, कि धेरै मण्डलहिरू विश्वास नगर्नेहरूले भरिएका छन्:

"अनि प्रभु येशूले तिनीहरूलाई भन्नु भयो, "सारा संसारमा गएर सारा स ृष्टिलाई सु-समाचार प्रचार गर विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ, तर विश्वास नगर्ने दोषी ठहरिनेछ । विश्वास गर्नेहरूसँग यी चिन्हरू हुनेछन् : मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउँनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन् , तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै बिषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानी गर्ने छैन, तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् , र तिनीहरू निको हुनेछन्" (मर्कूस १६:१५-१८ ।

चेला बनाउँने सेवकले ख्रीष्टको पूर्ण सेवकाईको देखासिकी गर्दै निश्चित रूपमा उसको प्र भावमा रहेको क्षेत्रभित्र ईश्वरिय चंगाईको सेवकाइलाई बिस्तार गर्नको लागि आफ्ना वरदानहरूको प्रयोग गर्दछ । कम्तीमा पनि दुईवटा तरिकाले ईश्वरिय चंगाईले परमेश्वरको राज्यको विस्तार गर्दछन् भनेर उनलाई थाहा छ । पहिलो, चंगाईका आश्चर्यकर्महरू सु-समाचार को लागि अचम्भको बिज्ञापन हुन् , जुन बालकले सु-समाचारहरू अर्थात् प्रेरितको पुस्तक पढ्छन् त्यसले यो कुरालाई बुभ्दछ (तर यस कुरालाई धेरै विकसित दरजा

---

[५६] उत्तर अमेरिकामा भएका केहि मण्डलीहरूमा यो विषयलाई धेरै इन्कार गरिने भएकोले यो विषयमा शिक्षा दिनका लागि एउटा सेवकले ठूलो जिम्मेवारी मोल्नु पर्नेहुन्छ, उनले विश्वासी भनाउँदाहरूसँग सामना गर्नुपर्ने हुन्छ । येशूले पनि, उहाँको चंगाईको सेवकाईलाई बाधा दिने, इन्कार गर्नेहरू र अविश्वास गर्नेहरूलाई उहाँको सामयमा भेटनुभएको थियो (हेर्नूहोस्- मर्कूस ६:१-६) ।

पाएका सेवकहरूले स्पष्ट रूपमा बुझ्नलाई असक्षम भएका छन् । दोस्रो, स्वास्थ्य चेलाहरूले व्यक्तिगत बिमारीपनद्वारा सेवकाइबाट बाधा पाउँदैनन् ।

चेला बनाउने सेवकले खीष्टको शरीरका ती सदस्यहरूप्रति संवेदनशील पनि हुनु पर्दछ जसले चंगाई पाउन चाहन्छन् तर त्यो प्राप्त गर्न तिनीहरूलाई कठीन भएको हुन्छ । तिनीहरूलाई प्रायः गरेर राम्रो निर्देशन र भद्र उत्साहको खाँचो पर्दछ , विशेष गरेर, यदि तिनीहरू कुनै चंगाईको सन्देशप्रति प्रतिकूल भएर बढेका छन् भने । चेला बनाउने सेवकले बिकल्पको सामना गर्दछः उ ईश्वरिय चंगाईको विषयमा शिक्षा दिनबाट टाढा हुन सक्छ, जुन कुरामा कसैलाई पनि आपत्ति हुँदैन र कसैले पनि चंगाई पाउँदैन, वा उसले राम्रोसित त्यो विषयमा शिक्षा दिन्छ र अरुहरूलाई चंगाईको अनुभव गर्न सहायता पुऱ्याउँदा उसलाई कसैले आपत्ति जनाउने खतरा मोल्नु पर्ने हुन्छ । व्यक्तिगत रूपमा, मैले दोस्रो बिकल्पलाई प्रभु येशूको उदाहरण पछ्याउने भनी विश्वास गरेर छानेको छु ।

# Healing on the cross
# क्रूसमा चंगाई

ईश्वरिय चंगाईको विषयमा अध्ययन गर्न शुरु गर्ने एकदम राम्रो ठाउँ चाँहि यशैया त्रिपन्न अध्याय हो, जसलाई विश्वव्यापी रूपमा मसिही अगमवाणी भनेर पनि विचार गरिएको छ । पवित्र आत्माद्वारा यशैयाले स्पष्टरूपमा प्रभु येशूको बलिदानी मृत्यु र उहाँले क्रूसमा पूरा गर्नु हुने कामको बारेमा अगमवाणी गरेका छन्:

"निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दुःख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दुःखमा परेको सम्झ्यौं । तर उ त हाम्रा अपराधहरूका निम्ति छेडियो, हाम्रा अधर्मको निम्ति उ पेलियो, हामीमा शान्ति ल्याउने दण्ड उमाथि पऱ्यो र उसको कोर्राको चोटले हामी निको भयौं । हामी सबै भेडाँ झैं बरालिएका छौं, हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि सबैको अधर्म हाली दिनुभएको छ" (यशैया ५३:४-६) ।

पवित्र आत्माको प्रेरणाद्वारा, प्रभु येशूले हाम्रा दुःख र कष्टहरू भोग्नु भयो भनेर यशैयाले घोषणा गरेका छन् । हिब्रू भाषाको मौलिक अनुवादले यो देखाउँछ, कि धेरै उचित अनुवादहरूले तिनीहरूका समर्थन गर्ने टिप्पणीहरूमा देखाए झैं, प्रभु येशूले हाम्रा बिमारहरू र कष्टहरू सहनु भयो ।

यशैमा ५३:४ मा अनुवाद भएको दुःख हिब्रू भाषाको चोली (Choli) भन्ने शब्द हो, जुन व्यवस्था ७:१५, २८:६१, १ राजा १७:१७, २ राजा १:२, ८:८ र २ इतिहास १६:१२, २१:१५ मा पनि पाईन्छ । यी सबै मुद्धाहरूमा यसलाई बिमारीपन वा रोग-बिमार भनेर पनि अनुवाद गर्न सकिन्छ । कष्ट (sorrows) हो भनेर अनुवाद गरिएको शब्दको हिब्रू शब्द (makob) हो, जसलाई अयूब १४:२२ र अयूब ३३:१९ मा पनि पाउन सकिन्छ । ती दुवै मुद्धाहरूमा त्यसलाई कष्ट (हरू) भनेर अनुवाद गरिएको छ ।

यी सबै त्यस्तै भैरहेको हुन्छ, यशैमा ५३:५ धेरै ठीक प्रकारले अनुवाद गरिएको छ, "निश्चय नै उसले हाम्रा बिमारहरू बोक्यो (sicknesses) र हाम्रा दुःख (pains) हरू

भोग्यो ।" यो तथ्यलाई मत्तीले आफ्नो सु-समाचारमा प्रत्यक्ष रूपमा उद्धृत गरेका छन्: "उहाँ आफैले हाम्रा दुर्बलहरूता लिनु भयो र हाम्रा रोगहरू उठाई लानु भयो" (मत्ती ८:१७) ।

यो तथ्यबाट भाग्न नसकेर केही मानिसहरूले हामीलाई यशैयाले "आत्मिक बिमार" र आत्मिक रोगहरूको बारेमा बताएका हुन् भनेर मानिलिनको लागि विश्वास दिलाउने प्रयत्न गर्दछन् । जे भए तापनि, मत्तीले उद्धृत गरेको यशैया ५३:४ ले अक्षरशः रूपमा हुन् भन्ने कुरालाई शंका छोड्दैन । आउनुहोस् हामी यसलाई सन्दर्भ अनुसार पढौं:

"जब साँझ पर्‍यो, तब तिनीहरूले उहाँकहाँ भूत लागेका धेरैजनालाई ल्याए, र उहाँले वचनद्वारा नै भूतहरूलाई निकाल्नु भयो, र जति बिरामी थिए, सबैलाई निको पार्नु भयो । यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो: "उहाँ आफैले हाम्रा दुर्बलताहरू लिनुभयो, र हाम्रा रोगहरू उठाई लानु भयो" (मत्ती ८:१६-१७) ।"

प्रभु येशूले गर्नु भएको शारीरिक चंगाईहरू यशैमा ५३:४ को अगमवाणी पूरा भएको थियो भनेर मत्तीले स्पष्ट रूपमा उल्लेख गरे । यसरी, यशैया ५३:४ ले खीष्टले हाम्रा शारीरिक दुर्बलताहरू र रोगबिमारहरू सहनु भयो भन्ने कुरा उल्लेख गरेकोमा कुनै शंका छैन ।[५७] जसरी धर्मशास्त्रले भन्दछ, कि प्रभु येशूले हाम्रा अपराधहरू लिनु भयो (हेर्नुहोस् यशैया ५३:११), उहाँले हाम्रा दुर्बलताहरू र रोग-बिमारहरू पनि लिनु भयो भनेरसमेत यसले भन्दछ । त्यो नै जुनसुकै रोगबिरामी मानिसलाई खुशी पार्ने समाचार हो । उहाँको प्रायश्चितको बलिदानद्वारा प्रभु येशूले हामीलाई चंगाई र मुक्तिको प्रबन्ध गरी दिनु भयो ।

## A Question Asked
## सोधिएको प्रश्न

तर यदि त्यसो हो भने, किन हरेक व्यक्ति चंगाई हुँदैन ? भनेर कसै-कसैले प्रश्न गर्दछन् । त्यस प्रश्नको अति नै राम्रो जवाब अर्को प्रश्न सोधेर पनि दिन सकिन्छः – किन सबै मानिसहरू नयाँ गरी जन्मदैनन् ? सबै मानिसहरू नयाँ गरी जन्मदैनन् , किनभने तिनीहरूले कि चाँहि सु-समाचार सुनेका हुँदैनन् वा तिनीहरूले सु-समाचारमा विश्वास गरेका हुँदैनन् । त्यसैले हरेक व्यक्तिले पनि उसको आफ्नै विश्वासद्वारा उचित चंगाई प्राप्त गर्दछ । धेरैले प्रभु येशूले तिनीहरूका रोगलाई लिनु भयो भन्ने अदभूत सत्यताको बारेमा कहिले सुनेका छैनन्, अरु हरूले चाँहि सुनेर पनि यसलाई इन्कार गरेका छन् ।

बिरामीपनाप्रति परमेश्वर पिताको व्यवहार कस्तो छ भन्ने कुरा उहाँको प्रिय पुत्रको सेवकाइद्वारा धेरै स्पष्ट रूपमा प्रकट भएको छ, जसले आफ्नै बारेमा यसरी गवाही दिनु भएको छ,

---

[५७] तिनीहरूले अविश्वासको लागि तिनीहरू लागी पर्न सक्ने कुनै कुरालाई पक्रेर कुनै-कुनै मानिसहरूले हामीलाई विश्वास दिलाउन यसरी कोशिष गर्दछन् , कि त्यो साँझ प्रभु येशूले कपर्नहुममा मानिसहरूलाई चंगाई गरेर यशैया ५३:४ पदलाई सम्पूर्ण तवरले पूरा गर्नु भयो । तर यशैयाले प्रभु येशूले हाम्रा रोगहकरु लिनु भयो र उहाँले हाम्रा दुर्बलताहरूसमेत लिनु भयो भनेरसमेत भनेका छन् (तुलना गर्नुहोस् ५३:४ र ५) । प्रभु येशूले तिनै मानिसहरूको लागि रोगहरू लिनु भयो र जसको अधर्मको लागि समेत उहाँले कोर्रा खानु भयो । यसरी, मत्तीले यो कुरा मात्र देखाउँन खोजिरहेका थिए, कि कुपर्नहुममा भएको प्रभु येशूले चंगाईको सेवकाइले यशैया ५३ अध्यायमा उल्लेख गरिएको हाम्रो दुर्बलताहरू लिने र हाम्रा रोग बिमारहरू लिने एक मात्र मसीह उहाँ नै हुनु हुन्थ्यो ।

"साँचो, साँचो म तिनीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नु भएको छ, देख्छ र त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नु हुन्छ, पुत्रले त्यही नै गर्छ " (यूहन्ना ५:१९) ।

हिब्रूको पुस्तकमा हामी "प्रभु येशू परमेश्वरकै (पिताकै) स्वभावको वास्तविक प्रतिरूप हुनु हुन्छ" भनेर पढ्दछौं (हिब्रू १:३) । प्रभु येशूको रोग बिमारप्रति आफ्नो पिताको व्यवहार जस्तो छ त्यस्तै व्यवहार भएको हुनु हुन्छ भन्ने कुरामा कुनै शंका छैन ।

प्रभु येशूको व्यवहार कस्तो थियो : उहाँकहाँ चंगाईको निम्ति अनुरोध गर्दै आउने जो सुकैलाई पनि उहाँले त्यही अवस्थामा एकचोटि पनि फर्काउनु भएन । उहाँले एकपल्ट पनि उहाँसँग चंगाई प्राप्त गर्न चाहेर आउने कसैलाई पनि, "हुन्न, तिमीले चंगाई पाउने परमेश्वरको इच्छा छैन, त्यसैले तिमी बिरामी नै भई बस्नु पर्छ" भनेर भन्नु भएन । प्रभु येशूले सँधै उहाँकहाँ चंगाई प्राप्त गर्न आउने बिरामीहरूलाई निको पार्ने काम गर्नु हुन्थ्यो, उनी एकपल्ट तिनीहरू चंगाई भई सकेपछि, उहाँले तिनीहरूलाई प्रायः गरेर तिनीहरूकै विश्वासले उनीहरूलाई निको पारेको हो भनेर भनी दिनु हुन्थ्यो । यसको अतिरिक्त बाइबलले घोषणा गर्दछ, कि परमेश्वर कहिले परिवर्तन हुनु हुन्न (हेर्नुहोस् मलाकी ३:७) र "हिजो, आज अनि सँधैभरि प्रभु येशू खीष्ट एकै समान हुनु हुन्छ" (हिब्रू १३:८) ।

# Healing Proclaimed
# चंगाईको घोषणा भएको

दुर्भाग्यबस, मुक्ति पापहरूको क्षमादान भन्दा अलिक बढी नै "उद्धार पाएको" र "मुक्ति" भनेर क्षमादानको बारेमा मात्रै लागु हुँदैनन्, तर पूर्ण छुटकारा र चंगाईको लागि पनि ती शब्दहरू लागु हुन्छन् ।[५८] आउनुहोस् अब हामी बाइबलमा भएको एकजना मानिसको बारेमा बिचार गरौं जसले उनको आफ्नै पूर्ण विवेकमा मुक्तिको अनुभव गरेका थिए । उनले आफ्नो शहरमा पावलले प्रचार गरेको सुसमाचार सुनेर विश्वास गर्दा चंगाई पाएका थिए ।

"तिनीहरू...लुकोनियाका शहरमा लुस्त्रा, डर्बी र छेउछाउका जिल्ला हुँदो भागेर गए, र त्यहाँ तिनीहरूले सुसमाचार प्रचार गरी नै रहे । अब लुस्त्रा शहरमा खुट्टा चलाउन नसक्ने एकजना मानिस बसिरहेको थियो त्यो जन्मैको लङ्गडो थियो र कहिले हिँडेको थिएन । पावलले बोलेको त्यसले सुन्दै थियो, पावलले त्यसलाई एकटक लगाएर हेरे, र निको हुने त्यसको विश्वास छ भन्ने देखिकन ठूलो श्वरले कराएर भने, "तेरा खुट्टाको भरमा सिधा उभ् ।" अनि त्यो जुरुक्क उठ्यो र हिड्न लाग्यो ।" (प्रेरित १४:७-१०)

---

[%८] उदाहरणको लागि "छोरी तिम्रो विश्वासले तिमीलाई निको पारेको छ" भनेर प्रभु येशूले भित्रदेखि नै रगत बग्दै गरेकी स्त्रीलाई भन्नु भयो (मर्कूस ५:३४) । यस पदमा भएको "निको पारेको छ" (made well) भन्ने शब्द ग्रीक भाषाको "सोजो" (Sozo) भन्ने शब्दबाट अनुवाद भएको हो, र यो शब्द नयाँ करारमा "उद्धार" (save) भनेर दशपल्टसम्म वा "उद्धार पाएको" (Saved) भनेर अस्सी पटकभन्दा बढी अनुवाद भएको छ । उदाहरणको लागि, यही शब्द एफिसी २:५ मा "उद्धार पाएको" (saved) भनेर अनुवाद भएको छ, "विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ ।" यसरी हामी धेरै जसो ग्रीक शब्दको अर्थभित्र "उद्धार पाएको" (saved) भन्ने शब्द शारीरिक चंगाईको लागि पनि प्रयोग गरिएको देख्दछौं ।

यो कुरा थाहा पाइराख्नुहोस् , कि पावलले “सुसमाचार” प्रचार गरिरहेको भए तापनि, त्यो मानिसले जे सुनेको थियो त्यो सुनेकोबाट उसको हृदयमा शारीरिक चंगाई प्राप्त गर्नलाई विश्वास जाग्यो । कम्तिमा पनि उसले पावलले प्रचार गरेकोबाट प्रभु येशूको चंगाई हेर्ने सेवकाइको बारेमा सुनेको हुनु पर्छ, र चंगाईको लागि विश्वासमा हरेकले प्रार्थना गर्दा कसरी प्रभु येशूले चंगाई गर्नु हुन्थ्यो भनेर पनि उसले सुनेको हुनु पर्दछ शायद पावलले प्रभु येशूले हाम्रा दुर्बलताहरू र रोगहरू लिनु भएको सम्बन्धमा यशैयाले गरेको अगमवाणीको बारेमा पनि उल्लेख गरेका थिए होलान् । हामीलाई थाहा छैन, तर “विश्वास सुनाइबाट आउने” भएकोले (रोमी १०:१७), त्यो पक्षघाती मानिसले त्यस्तो केही कुरा सुनेको थियो, जसले चंगाईको लागि उसको हृदयमा विश्वास उत्पन्न गराई दियो । पावलले भनेको कुनै कुराले उसलाई परमेश्वरले पक्षघाती नै भैरहेको चाहनु हुन्न भन्ने कुरामा विश्वास गर्ने तुल्याई दियो ।

परमेश्वरले त्यस मानिसलाई चंगाई गर्न चाहनु भएको थियो भनेर पावल आफैले विश्वास पनि गरेका थिए, अथवा उनले बोलेका बचनहरूले चंगाईको लागि त्यस मानिसमा विश्वास हाली दिनको लागि उनले कहिले पनि उसलाई विश्वास दिलाउन सक्नेछैन, किनभने, उनले त्यसमानिसलाई खडा हुन लगाउने थिए भनेर उनी आफैले त्यस प्रकारको विश्वास गरेका थिए । यदि पावलले अहिलेका आधुनिक प्रचारकहरूले भनेको जस्तो भनेका भए के हुने थियो ? “हरेकले चंगाई पाउने परमेश्वरको इच्छा होइन” भनेर यदि उनले प्रचार गरेका भएको भए के हुन्थ्यो ? चंगाई पाउनका लागि त्यस मानिसमा विश्वास हुने थिएन । शायद किन आज धेरै जसो मानिसहरू चंगाई हुँदैनन् भनेर त्यस कुराले व्याख्या गर्दछ । चंगाईको लागि विश्वास गर्नु पर्दछ भनेर प्रेरणा दिनु पर्ने प्रचारकहरूले तिनीहरूको विश्वासलाई नष्ट गरी दिइरहेका छन् ।

फेरि पनि बिचार गर्नुहोस् , कि यो मानिस उसको विश्वासद्वारा निको भएको थियो, यदि उसले विश्वास नगरी बसेको भए उसले चंगाई पाउनु पर्छ भन्ने परमेश्वरको इच्छा नै भए तापनि उ पक्षघाती नै भएर रहनु पर्ने थियो । यसको अतिरिक्त, सम्भवत त्यहाँ त्यो दिन त्यस भीडँमा अरु बिरामी मानिसहरू पनि भएको हुनु पर्दछ, तर त्यहाँ त्यो मानिसदेखि बाहेक अर्को कुनै व्यक्तिले पनि चंगाई पाएको उल्लेख गरेको छैन । यदि त्यस्तै हो भने, तिनीहरू किन चंगाई भएनन् त ? त्यही कारणले नै त्यस भीडँमा मानिसहरूले त्यो दिन नयाँ जन्म पाएका थिएनन्– किनभने तिनीहरूले पावलले प्रचार गरेको सन्देशमा विश्वास गरेका थिएनन् ।

कुनै मानिसहरूले कहिले चंगाई पाएनन् भन्ने तथ्य कुराको आधारमा हरेक व्यक्तिले चंगाई पाओस् भन्ने परमेश्वरको इच्छा छैन भनेर हामी कहिले पनि निष्कर्षमा पुग्नु हुँदैन । त्यो चाँहि केही मानिसहरू कहिले नयाँ जन्म नपाएको कारण सबैले नयाँ जन्म पाएको होस् भन्ने परमेश्वरको इच्छा छैन भनेर उस्तै खालको निष्कर्ष निकालेको जस्तै हो । यदि उद्धार पाउनु हो भने हरेक व्यक्तिले सु-समाचारमा आफै विश्वास गरेको हुनु पर्दछ, र चंगाई पाउनको लागि हरेक व्यक्तिले उसको आफ्नै लागि आफैले विश्वास गर्नै पर्दछ ।

## Further proof of God's will to Heal
## चंगाई गर्ने परमेश्वरको इच्छाको अरु प्रमाण

पूरानो करारमा शारीरिक चंगाई इस्राएलसँग परमेश्वरले गर्नु भएको करारमा समावेश गरिएको थियो । प्रस्थानको केही दिनपछि मात्र परमेश्वरले इस्राएलसँग यो प्रतिज्ञा गर्नु भएको थियो : “तिमीहरूले परमप्रभु आफ्ना परमश्वरको कुरा ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठीक छ सो गर्‍यौ र उहाँका आज्ञाहरूमा ध्यान लगायौं, र उहाँका सबै बिधिहरू मान्यौ भने, जुन रोगहरू मैले मिश्रीहरूमाथि ल्याएको थिएँ, तीमध्ये एउटै पनि तिमीहरूमाथि ल्याउने छैन, किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ” (प्रस्थान १५:२६) ।

जो सुकै इमान्दार व्यक्तिले त्यो चंगाई परमेश्वरले इस्राएलसँग गर्नु भएको करार पालन गर्ने र त्यसमाथि आज्ञाकारी व्यक्तिलाई मात्र समावेश गरिएको थियो भनेर सहमत हुन्छ । (प्रशंगबस, पावलले यस कुरालाई १ कोरिन्थी ११:२७-३१) मा नयाँ करारमा पनि शारीरिक चंगाई आज्ञापालन माथि भर पर्दछ भनेर स्पष्ट गर्दछन् ।)

परमेश्वरले इस्राएलीहरूलाई यो कुरा पनि प्रतिज्ञा गर्नु भएको थियो : “तर तिमीहरूले आफ्ना परमप्रभु परमेश्वरको सेवा गर्नु, र उहाँले तिमीहरूका अन्नपानीमा आशिष दिनु हुनेछ, म तिमीहरूका बीचबाट रोगहरू हटाई दिनेछु । तिमीहरूको देशमा कोही गर्भ तुहिने बाँकी हुने छैन, म तिमीहरूलाई पूरा आयु दिनेछु ।” (प्रस्थान २३:२५-२६) ।

“तिमीहरू अरु मानिसहरूभन्दा ज्यादै आशिर्वादी हुनेछौं, तिमीहरूका पुरुषहरू वा स्त्रीहरूमध्ये कोही पनि निःसन्तान हुने छैन नता पशुहरूमध्ये कुनै पनि बैला हुनेछ । अनि परमप्रभुले तिमीहरूलाई सबै रोग-बिरामीबाट स्वतन्त्र राख्नु हुनेछ, तिमीहरूले मिश्रमा देखेका भयानक रोगहरू उहाँले तिमीहरूमाथि ल्याउनु हुने छैन, तर तिमीहरूसँग बैरभाव राख्नेहरूमाथि ती ल्याउनु हुनेछ” (व्यवस्था ७:१४-१५) ।

यदि शारीरिक चंगाई पूरानो करारमा समावेश गरिएको भए, नयाँ करारमा चाँहि किन यो समावेश नगरिएको भनेर अचम्भ लाग्न सक्छ, यदि वास्तवमा पूरानो करारभन्दा नयाँ करार उत्तम हो भने, किनकि धर्मशास्त्रले यसो भन्दछ: “तर यसै पनि उहाँले (प्रभु येशूले) प्राप्त गर्नुभएको सेवा, त्यत्तिकै बढी उत्कृष्ट छ, जतिको उहाँले मध्यस्तता गर्नु भएको करार पूरानोभन्दा उत्तम छ, किनभने यो करारको जग उत्तम प्रतिज्ञाहरूमा बसालिएको छ” (हिब्रू ८:६) ।

## Yet Further Proof
## अझै अरु प्रमाण

हरेकले चंगाई पाएको हो भन्ने परमेश्वरको इच्छा छ भनेर निर्विवाद रूपमा प्रमाणित गर्ने धर्मशास्त्रका पदहरू बाइबलमा उल्लेख गरिएको छ । तिनीहरूमध्ये तीनवटा उत्तम पदहरूलाई म सुचित गर्न चाहन्छु: “हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्, हे मेरो सारा अन्तस्करण उहाँको पवित्र नाउँलाई धन्य भन् । हे मेरो प्राण परमप्रभुलाई धन्यको भन् , उहाँका सबै उपकारहरू नबिर्सि, जसले तेरा सबै पापहरू क्षमा गर्नु हुन्छ, र तेरा सबै रोगहरू निको पार्नु हुन्छ” (भजन संग्रह १०३:१-३) ।

परमेश्वर हाम्रा सारा अपराधहरू क्षमा गर्न चाहनु हुन्छ भन्ने दाऊदको घोषणालाई कुन चाँहि ख्रीष्टियनले नकार्न सक्छ ? जे भए तापनि, दाऊदले हाम्रा सबै रोग-बिमारहरू पूरै निको पार्न चाहनु हुन्छ भनेर पनि विश्वास गरेका थिए ।

"हे मेरो छोरो, मेरो कुरामा ध्यान दे, मेरो वचनहरू राम्ररी सुन् । ती तेरो नजरबाट उम्केर जान नदे । ती तेरो हृदयभित्र राखि छोड । किनभने मेरो वचन पाउनेको निम्ति, त्यो जीवन हो, र त्यसको सारा शरीरको निम्ति स्वास्थ्य हो" (हितोपदेश ४:२०-२२) । "के तिमीहरूमध्ये कोही बिरामी छ ? त्यसको मण्डलीका एल्डरहरूलाई बोलाओस् र तिनीहरूले प्रभुको नाममा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरुन्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउने छ, र प्रभुले त्यसलाई निको पार्नु हुनेछ, र यदि त्यसले पापै गरेको भए तापनि, त्यसलाई क्षमा हुनेछ" (याकूब ५:१४-१५) ।

यो अन्तिम प्रतिज्ञा बिरामीको लागि हो भनेर थाहा पाई राख्नुहोस् । अनि यो कुरा पनि थाहा पाइराख्नुहोस् , कि त्यो चंगाई गर्ने एल्डर अथवा त्यो अभिषेक गरिएको तेल होइन तर "विश्वासको प्रार्थना" हो ।

यो एल्डरको विश्वास हो कि त्यो बिरामी व्यक्तिको विश्वास हो ? यी दुवैको विश्वास हो । बिरामी व्यक्तिको विश्वास, उसले मण्डलीको एल्डरलाई प्रार्थना गर्न बोलाएकोमा प्रकट हुन्छ बिरामी व्यक्तिको अविश्वासले एल्डरको प्रार्थनाको प्रभावलाई रद्ध गर्न सक्छ । याकूबले लेखेको जस्तो प्रकारको प्रार्थना मत्ती १८:१९ मा प्रभु येशूले उल्लेख गर्नु भएको "सहमतिको प्रार्थना" एउटा राम्रो उदाहरण हो । यस प्रकारको प्रार्थनामा दुवै पक्ष "सहमत" भएको हुनु पर्दछ । यदि एउटा व्यक्तिले विश्वास गर्छ र अर्को व्यक्तिले विश्वास गर्दैन भने, तिनीहरू सहमतिमा भएका हुँदैनन् । बाइबलका धेरै खण्डहरूमा बिरामीपनको लागि शैतानलाई नै श्रेय दिइएको छ भन्ने कुरा पनि हामी जान्दछौं (हेर्नुहोस् याकूब २:७, लुका १३:१६, प्रेरित १०:३८, १ कोरियन्थी ५:५) । यसरी परमेश्वरले उहाँका सन्तानहरूको शरीरमा शैतानले काम गर्न लाग्दा रोक्नु भन्ने कारण खडा हुन्छ । हाम्रो परमेश्वर पिताले संसारका बाबुहरूले आफ्ना सन्तानलाई गरेको भन्दा बढी प्रेम गर्नु हुन्छ (हेर्नुहोस् मत्ती ७:११), र कुनै पनि बाबुले आफ्नो सन्तान बिरामी भएको होस् भन्ने चाहना राखेको मैले कहिले पाएको छैन ।

प्रभु यशूले आफ्नो पृथ्वीको सेवकाइमा गर्नु भएको हरेक चंगाईको सेवकाई र प्रेरितको पुस्तकमा उल्लेख गरिएको हरेक चंगाईले परमेश्वर हामी स्वास्थ्य भएको चाहनु हुन्छ भन्ने कुरामा विश्वास गर्न उत्साह दिन्छन् । प्रभु येशूले स्पष्ट रूपमा चंगाईको लागि उहाँलाई खोज्नेहरूलाई निको पार्नु भयो, र उहाँले तिनीहरूको चंगाईको आश्चर्यकर्मको श्रेय पनि तिनीहरूकै विश्वासलाई दिनु भयो । त्यस कुराले के प्रमाणित गर्दछ भने, प्रभु येशूले जसलाई पायो त्यसलाई निको पार्दै चाँहि हिड्नु भएन । जुनसुकै बिरामी व्यक्ति पनि उहाँकहाँ आउँदा विश्वासमा आउनु पर्दछ र त्यो व्यक्ति चंगाई हुन सक्छ । उहाँले तिनीहरू सबैलाई निको पार्न चाहनु हुन्थ्यो, तर तिनीहरूको तर्फबाट तिनीहरूले विश्वास गरेको उहाँ चाहन हुन्थ्यो ।

## Answers to some common objections
## केही सामान्य बिरोधहरूको लागि जवाब

सायद सबै कुराको लागि अति सामान्य बिरोध चाँहि त्यो हो जुन परमेश्वरको वचनमा आधारित छैन, तर मानिसहरूको अनुभवहरूमा मात्र आधारित छ । यो कुरा प्रायः गरेर यसरी अगाडि बढ्दछ, "म एकजना एकदम असल ख्रीष्टियन स्त्रीलाई चिन्छु जसले क्यान्सरको बिमार

बाट निको हुनको लागि प्रार्थना गरेकी थिइन् । तर तिनी मरिन् । यस कुराले परमेश्वरले सबैले चंगाई पाएको होस् भन्ने चाहनु हुन्न रहेछ भन्ने कुरा प्रमाणित गर्दछ । हामीले कहिले पनि परमेश्वरको वचनदेखि बाहेक अरु कुनै कुराद्वारा उहाँको इच्छा भनेर निर्णय गर्न प्रयत्न गर्नु हुँदैन । उदाहरणको लागि यदि तपाईंले इस्राएलीहरूलाई दुध र मह बग्ने यर्दन पारीको देशले पर्खिरहेकै बेलामा उजाड स्थानमा ४० वर्षसम्म भौंतारिएर हिँडिरहेको अवस्थामा भएको कुरालाई फर्किएर हेर्नु भयो भने, यो निस्कर्षमा पुग्न सक्नु हुन्छ, कि इस्राएलीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गर्न परमेश्वरको इच्छा थिएन रहेछ तर यदि तपाईलाई बाइबलको कुरा थाहा छ भने तपाईले जान्नु हुन्छ, कि कुरा त्यसो होइन । इस्राएलीहरू प्रतिज्ञाको भूमिमा प्रवेश गरुन् भन्ने निश्चय पनि परमेश्वरको इच्छा थियो, तर तिनीहरूको अविश्वासको कारण तिनीहरू त्यहाँ प्रवेश गर्न असफल भएका थिए (हेर्नुहोस् हिब्रू ३:१८)

अहिले नरकमा भएका सबै मानिसहरूको बारेमा चाँहि के भन्ने त ? तिनीहरू स्वर्गमा होस् भन्ने त परमेश्वरको इच्छा थियो, तर पश्चाताप गरेर प्रभु येशूमा विश्वास गरुन् भन्ने शर्तलाई तिनीहरूले पूरा गरेनन् । त्यसरी नै हामीले चंगाईको बारेमा बिरामी मानिसलाई हेरेर परमेश्वरको इच्छा हो कि होइनन् भनेर निर्णय गर्न सक्दैनौ । ख्रीष्टियनले चंगाईको लागि प्रार्थना गरेर चंगाई प्राप्त गर्न सफल भएको कारण मात्रै सबैले चंगाई पाओस् भन्ने परमेश्वरको इच्छा होइन भनेर प्रमाणित गर्दैन । यदि त्यो ख्रीष्टियनले परमेश्वरले दिनु भएको शर्त पूरा गरेको थियो भने उसले चंगाई पाउने थियो, नत्रता परमेश्वर झूठा हुनु हुनेछ । जब हामी चंगाई प्राप्त गर्न असफल हुन्छौं र चंगाई हुनुमा परमेश्वरको इच्छा छैन रहेछ भनी बहाना बनाएर उहाँलाई दोष लगाउँछौं भने, हामी पनि ती अविश्वासी इस्राएलीहरू भन्दा फरक हुँदैनौ जोहरू प्रतिज्ञाको देशमा हामीलाई प्रवेश गर्नको लागि परमेश्वरको इच्छा छैन रहेछ भन्ने कुरालाई दाबी गर्दै उजाडस्थानमा मरे । हामीले आफ्ना घमण्डहरूलाई निलेर हामी आफै दोषी छौं भनी मानीलिनु हाम्रो लागि राम्रो हुन्छ ।

मैले अघिल्लो अध्यायमा विश्वासको बारेमा भने जस्तै, धेरै गम्भीर ख्रीष्टियनहरू “यदि तपाईको इच्छा भए” भन्ने विश्वासलाई नष्ट गर्ने खालका वाक्यलाई प्रयोग गरेर चंगाईको लागि गलत प्रकारकले तिनीहरूका प्रार्थनाहरूको अन्त गर्छन् । यसले स्पष्टसँग यो कुरा प्रकट गर्दछ, कि तिनीहरूले विश्वासमा प्रार्थना गरिरहेका छैनन् किनभने तिनीहरू परमेश्वरको इच्छामा निश्चित छैनन् । जब चंगाईको कुरा आउँछ तब हामीले देखेझैं परमेश्वरको इच्छा त त्यहाँ स्पष्ट रूपमा भएकै हुन्छ । परमेश्वरले तपाईलाई चंगाई गर्न चाहनु हुन्छ भन्ने कुरा यदि तपाईलाई थाहा छ भने, तपाईले आफ्नो प्रार्थनामा चंगाईको लागि, “यदि तपाईको इच्छा छ भने”, भन्ने कुरा थप्नु कुनै कारण नै छैन । त्यसो भन्नु त प्रभुसँग यसो भने सरह हुन्छ । “प्रभु, तपाईले मलाई चंगाई गर्नको लागि प्रतिज्ञा गर्नु भएको कुरा मलाई थाहा छ । तर यदि अचानक तपाईले यो कुरा ढाट्नु नै भए तापनि वास्तवमा, यदि तपाईले इच्छा गर्नु हुन्छ भने मात्र तपाईले मलाई निको पार्नुहोस् भनेर म प्रार्थना गर्दछु ।”

निश्चित रूपमा यो कुरा पनि सत्य हो, कि कुनै कुनै अवस्थामा परमेश्वरले अनाज्ञाकारी विश्वासीहरूलाई तिनीहरूको ताड्नाको लागि मरणासन्न हुने गरी रोग बिमारहरू आउन दिएर कष्टमा पारी दिनु हुन्छ । यस्तो प्रकारका विश्वासीहरूले चंगाई पाउनको लागि अगाडि नै पश्चाताप गर्न आवश्यक हुन्छ भन्ने कुरा स्पष्ट छ । (हेर्नुहोस् १ कोरिन्थी ११:२७-३२) । त्यहाँ अरुहरू पनि छन् जसले आफ्नो शरीरको अवहेलना गरिरहेका छन्, तिनीहरूले आफ्नै कारणले आफ्नै लागि रोग बिमारको निम्ति ढोका खोली दिएका हुन्छन् । ख्रीष्टियनहरूले सन्तुलित खाना,

स्वास्थ्य खाना खाने नियमित रूपमा व्यायाम गर्ने र आवश्यकता अनुसार आराम गर्ने व्यवस्था गर्न बुद्धिमान हुनु पर्दछ ।

# A second common Objection
# दोस्रो सामान्य बिरोध

प्रायः यसो भन्ने गरिन्छ, "पावलको शरीरमा एउटा काँडो थियो, र परमेश्वरले निको पार्नु भएन"

पावलको त्यो काँडो बिमारीपन थियो भन्ने बिचार तथ्य कुराको ज्योतिमा हेर्नु हो भने खराब धर्मशास्त्रीय व्याख्या मात्र हो, त्यस बारेमा पावलले वास्तवमा त्यो काँडो के थियो भनेर स्पष्ट रूपमा भनेका छन्– शैतानको एउटा दूत थियोः "प्रशस्त प्रकाशको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउँन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात् एउटा काँडो मेरो शरीरमा दिइयो । यो मबाट हटोस भनेर मैले तीनपल्ट प्रभुसित बिन्ति गरें । तर मलाई उहाँले भन्नु भयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ ।" यसकारण, ख्रीष्टको शक्ति ममाथि बास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढी खुशीसाथ गर्व गर्नेछु" (२ कोरिन्थी १२:७-९) ।

अनुवाद गरिएको समाचार बाहक (messenger) भन्ने शब्द "अगेलोस" (aggelos) भन्ने ग्रीक शब्दबाट लिइएको हो, जसलाई "दूत" (angel) वा स्वर्गदूतहरू (angels) भनेर १६० वटा ठाउँहरूमा अनुवाद गरिएको छ जहाँ यो शब्द नयाँ करारमा भेटिन्छ । पावलको शरीरमा भएको त्यो काँडो उनलाई धक्का दिनको लागि पठाइएको शैतानको एउटा दूत थियो, यो बिमारीपन वा रोग-बिमारी थिएन ।

यो कुरा पनि बिचार गर्नुहोस् , कि पावलले निको हुनको लागि प्रार्थना गरिरहेका थिए र प्रभुले उनलाई निको पार्न इन्कार गर्नु भएको थियो भनेर उल्लेख गरिएको छैन । परमेश्वरले उनलाई धक्का दिने दूतलाई हटाइ दिई हाल्नु हुन्छ, र परमेश्वरले उनलाई उहाँको अनुग्रह उनको निम्ति प्रशस्त छ भनी भन्नु भएको थियो ।

पावललाई यो काँडो कसले दिएको थियो त ? कसै-कसैले त्यो व्यक्ति शैतान थियो भनी विश्वास गर्छन्, जब कि त्यो काँडो "शैतानको दूत थियो" भनेर भनिएको छ । पावल घमण्डले नफुलुन् भनेर काँडो स्पष्ट रूपमा दिएको कारणले यो दिने परमेश्वर नै हुनु हुन्छ भनेर अरु हरूले विश्वास गर्दछन् । "म घमण्डले नफुलूँ भनेर" भनी पावल आफैले भनेका छन् ।

किङ्ग जेम्स भर्सनले यी पदहरूलाई अलिक भिन्नै प्रकारले अनुवाद गरेको छ । "म घमण्डले नफुलूँ" भन्नुको साटो "नत्रता मैले आफूलाई चाहिएको भन्दा बढी नै फुलाउँला" भनेर यस अनुवादले भन्दछ । यो एउटा महत्वपूर्ण भिन्नता हो किनभने परमेश्वरले हामीलाई प्र शस्तसित हुँदा बिरोध गर्नु हुन्न । वास्तवमा, यदि हामीले आफैलाई नम्र तुल्याउँछौं भने उहाँले हामीलाई उचाल्ने प्रतिज्ञा गर्नु हुन्छ । परमेश्वरले नै उचाल्ने काम गरिरहनु भएको बेला शैतानले बिशेष धक्का पुऱ्याउने उसको दूतलाई नियुक्त गरेर पावल जहाँ-जहाँ यात्रा गर्न जान्थे त्यहाँ गएर पावलको उचालिने कार्यलाई रोक्ने कोशिष गरेर उनलाई समस्या दिने प्रयत्न गरिरहेको थियो । तरै पनि परमेश्वरले उहाँको महिमाको लागि अवस्थाहरूको प्रयोग गर्नु हुनेछ

भनेर भन्नु भएको थियो । किनभने पावलको कमजोरीको परिणामस्वरूप उनको जीवनमा उहाँको शक्ति प्रकट हुन सक्थ्यो ।

असावधानी रूपमा, पावल बिरामी थिए र उनलाई निको पार्न परमेश्वरले इन्कार गर्नु भएको थियो भन्नु बाइबलले वास्तवमा भनेको कुरालाई नराम्ररी बिकृति पार्न खोज्नु मात्र हो । पावलको शरीरमा भएको काँडोको बारेमा भएको खण्डमा, उनले कहिले पनि बिरामीपनको बारेमा उल्लेख गरेका थिएनन् र उनको बिमारीपनको लागि चंगाई गर्ने सम्बन्धमा परमेश्वरले इन्कार गर्नु भएको कुनै उचित कुरा पनि त्यहाँ उल्लेख गरेका थिएनन् । यदि कोही इमान्दार व्यक्तिले २ कोरिन्थी ११:२३-३० मा सुचित गरिएको उनको परीक्षाहरू सम्बन्धि पढ्दछ भने, उसले बिमारीपन वा रोग-बिमार सम्बन्धी उल्लेख गरिएको कुनै पनि कुरा त्यहाँ पाउँदैन ।

## An Elaboration on the same theme
## त्यही बिषय वस्तुमा गरिएको एउटा विस्तार

पावलको काँडो सम्बन्धी मेरो व्याख्याको लागि केही मानिसहरूले यसो भनेर आपत्ति जनाउँछन् , "तर के पावलले पहिलोपल्ट गलातीहरूलाई सु-समाचार प्रचार गर्दा बिरामी थिए भनेर उनले आफै भनेका थिएनन् र ? के उनले आफ्नो शरीरमा भएको काँडाको बारेमा बोलेका थिएनन् ?"

पावलले वास्तवमा गलातीहरूलाई लेखेको उनको पत्रमा के थियो भन्ने कुरा यहाँ छः, "तर तिमीहरूलाई थाहा छ, कि शरीरको अस्वस्थताले गर्दा नै मैले पहिले तिमीहरूलाई सु-समाचार सुनाएथें, अनि मेरो बिरामी अवस्था तिमीहरूका लागि एउटा परीक्षा थियो, तथापि तिमीहरूले मलाई तिरस्कार गरेनौ, न घृणा नै गऱ्यौ, तर परमेश्वरको एउटा दूतलाई, खीष्ट येशूलाई झैं मलाई ग्रहण गऱ्यौ" (गलाती ४:१३-१४)

यहाँ गलाती ४:१३ मा अनुवाद गरिएको "बिरामी अवस्था" (Illness) भन्ने शब्द ग्रीक भाषाको अस्थेनिया (asthenia) भन्ने शब्द हो, जसको अक्षरश अर्थ "कमजोरपना" (weakness) हो । यसको अर्थ बिरामी अवस्थाको कारणले नै कमजोरीपना आउँछ भन्ने हुन सक्छ, तर यसो हुनु हुँदैन ।

उदाहरणको लागि, पावलले लेखेका छन् , कि "परमेश्वरको कमजोरीपना मानिसहरूको शक्तिभन्दा पनि बलियो हुन्छ" १ कोरिन्थी १:२५) । यस उदाहरणमा अनुवाद गरिएको कमजोरीपना (weakness) को ग्रीक शब्द "अस्थेनिया" (asthenia) पनि हुन्छ । अनुवादकहरूले यसलाई "परमेश्वरको बिरामीपना मानिसहरूको भन्दा महान छ" भनेर यदि अनुवाद गरे भने त्यसले कुनै अर्थ दिंदैन । (मत्ती २६:४१ र १ पत्रुस ३:७ पनि हेर्नुहोस्, जहाँ अस्थेनिया (asthenia) भन्ने शब्दलाई कमजोरीपन (Weakness) भनेर अनुवाद गरिएको छ र सम्भावित रूपमा यसलाई बिमारीपन (sickness) भनेर अनुवाद गर्न सकिन्दैन) ।

जब पावल पहिलोपल्ट गलातियामा गए, प्रेरितको पुस्तकमा उल्लेख गरिएझैं ,त्यहाँ उनी बिरामी भएको कुरा उल्लेख गरिएको नै छैन । जे भएता पनि, त्यहाँ त उनलाई ढुंगाले हानिएको , र मरणासन्न पारेर छोडिएको थियो, र उनी मृत्युबाट बौरिएर वा अचम्भ तरिकाले जागेर आएको बारेमा पो उल्लेख गरिएको छ । (हेर्नुहोस् प्रेरित १४:५-७, १९-२०) । निश्चय पनि

पावलको शरीर, ढुंगाले हानेर मरणासन्न पारिएर छोडिएपछि चोट लागेर घाउनै घाउले भरिएको दयनिय अवस्थामा भएको हुनु पर्छ ।

गलातियमा हुँदा पावल बिरामी थिएनन् , त्यो त उनका श्रोताहरूको निम्ति एउटा जाँच मात्र थियो । बरु, हालसालै उनलाई ढुंगाले हानिएको कारण उनको शरीर कमजोर भएको थियो । धेरै जसो, त्यस्तै गरेर उनले अझै पनि गलातीहरूलाई पत्र लेख्दा आफ्नो सतावटको बारेमा स झना दिलाउँछन् , किनभने उनले यी वचनहरू भनेर आफ्नो पत्रको अन्त गरेका छन् :

"अबदेखि उसो कसैले मलाई कष्ट नदिओस्, किनभने म आफ्नो शरीरमा प्रभु येशूका डामहरू धारण गर्दछु" (गलाती ६:१७)

## Another objection: "I'm suffering for the glory of God
## अर्को बिरोध : "परमेश्वरको महिमाको लागि मैले कष्ट भोगिरहेको छु"

यो बिरोध ती केही मानिसहरूद्वारा प्रयोग गर्ने गरिन्छ जोहरूले परमेश्वरको महिमाको लागि तिनीहरूले बिरामीपन भोगिरहेका छन् भनेर तिनीहरूले गरेको दाबीको आधारमा लाजरशको पुनरुत्थान भएको कथाबाट धर्मशास्त्रको पदलाई लिएका हुन्छन् । लाजरशको बारेमा प्रभु येशूले भन्नु भयो :

"यस बिमारीले मृत्युमा पुऱ्याउँदैन, तर यो परमेश्वरको महिमाको निम्ति हो, ताकि यसद्वारा परमेश्वरका पुत्रको महिमा होस्" (यूहन्ना १४:४) ।

लाजरशको बिमारीपनको परिणामस्वरूप परमेश्वर महिमित भइरहनु भएको थियो भनेर प्र भु येशूले मानिरहनु भएको थिएन, तर लाजरशले चंगाई पाउँदा र मृत्युदेखि बौरी उठ्दाखेरि पर मेश्वर महिमित हुनु हुने थियो । बिमारीपनले परमेश्वरको महिमा हुँदैन, चंगाईमा मात्रै उहाँको महिमा हुन्छ । (मत्ती ९:८, १५:३१, लूका ७:१६, १३:१३ र १७:१५ पनि हेर्नुहोस्, जहाँ चंगाईले पर मेश्वरको महिमा ल्याई दिएको छ) ।

## Another objection : "Paul said He left Trophimus sick at Miletum"
## अर्को बिरोध: "मिलेतममा उनले त्रोफिमसलाई बिरामी अवस्थामा नै छोडी दिए भनेर पावलले भने"

मलाई यो वाक्य जर्मनीको शहरमा लेख्न मन लाग्यो । गत हप्ता जब म संयुक्त राज्यमा भएको मेरो गाउँबाट अलग भएँ, मैले मेरो पछाडि अनगन्तिऔं रोगी बिरामी मानिसहरूलाई छाडेको थिएँ । मैले धेरै बिरामीहरूले भरिएको अस्पताल छोडेको थिएँ । तर त्यसको मतलब यो होइन कि तिनीहरू सबैजना निको हुनको लागि परमेश्वरको इच्छा थिएन । पावलले आफू गएको शहरमा एउटा मानिसलाई बिमारी अवस्थामा नै छाडेको कारणले त्यो मानिसले चंगाई प्राप्त गरेकोहोस् भनेर परमेश्वरको इच्छा थिएन भन्ने प्रमाण दिँदैन । पावलले छोडेर गएका ती धेरै उद्धार नपाएका मानिसहरूको बारेमा चाँहि के भन्ने त ? तिनीहरूले उद्धार

पाउन् भन्ने परमेश्वरको इच्छा थिएन भनेर के यस कुराले प्रमाणित गर्छ ? साँच्चै नै प्रमाणित गर्दैन ।

## Another Objection: "I,m Just Like Job !"
## अर्को बिरोधः "म अयूब जस्तै छु ।"

प्रभुको स्तुति होस् ! यदि तपाईंले अयूबको कथाको अन्तिममा पढ्नु भयो भने, उनी निको भएको कुरा तपाईंले थाहा पाउनु हुनेछ । अयूब बिमारी नै भइरहोस् भन्ने परमेश्वरको इच्छा थिएन, र तपाईं पनि बिरामी नै भैरहनु भएको होस् भन्ने उहाँको इच्छा होइन । परमेश्वरको इच्छा सँधै चंगाईमा मात्र छ भनी अयूबको कथाले हामीलाई पूर्ण रूपमा निश्चित गराउँदछ ।

## Another Objection: Paul's Advice to Timothy about his stomach
## अर्को बिरोधः पावलले तिमोथीलाई उनको पेटको बिमार सम्बन्धी दिएको सल्लाह ।"

पावलले तिमोथीलाई उनको पेट्को लागि र उनको बारम्बार हुने बिमारको कारण अलिकति रक्सी प्रयोग गर्ने गर्नु भनेर भनेका थिए भनी हामी जान्दछौं (हेर्नुहोस् १ तिमोथी ५:२३) ।

वास्तवमा पावलले तिमोथीलाई पानी पिउन छाडेर बारम्बार हुने पेट्को बिमारको कारण पेटको लागि अलिकति रक्सी प्रयोग गर्ने गर भनेका थिए । यसले के देखाउँदछ भने पानीमा केही खराबी थियो । यदि तपाईंले दुषित पानी पिइरहनु भएको छ भने, तपाईंले त्यो पिउँनु छाड् नु पर्दछ र अरु नै केही पिउँन शुरु गर्नु पर्दछ, नत्रभने सम्भवत तपाईको पेटको समस्या पनि तिमोथीको जस्तै हुन सक्छ भन्ने कुरा स्पष्ट छ ।

## Another Objection: "Jesus only Healed to prove His deity."
## अर्को बिरोधः "प्रभु येशूले आफ्नो ईश्वरत्वको प्रमाण दिनलाई मात्र चंगाई गर्नुभएको थियो"

केही मानिसहरूले हामीलाई प्रभु येशूले आफ्नो ईश्वरको प्रमाण दिनलाई मात्र चंगाई गर्नु भएको थियो भनेर विश्वास गरेको चाहन्छन् । अब उहाँको ईश्वरत्व राम्ररी स्थापित भएको छ, अब उहाँले चंगाई गरिरहनु हुन्न ।

त्यो कुरा एकदम गलत हो । प्रभु येशूको आश्चर्यकर्महरूले उहाँको ईश्वरत्वलाई बिशिष्ट तुल्याउँछन् भन्ने कुरा सत्य हो, तर उहाँले आफ्नो पृथ्वीको सेवकाइको अवधीमा मानिसहरूलाई चंगाई गर्ने कारण त्यो मात्र थिएन । धेरैचोटि प्रभु येशूले मानिसहरूलाई चंगाई गरी सकेपछि

तिनीहरूलाई के भनिएको थियो भनेर कसैलाई नभन्नु भनेर भन्नु भयो (हेर्नुहोस् मत्ती ८:४, ९:६,३०, १२:१३-१६, मर्कूस ५:४३, ७:३६, ८:२६) । यदि प्रभु येशूले आफ्नो ईश्वरत्वको प्रमाण दिने एउटै उद्देश्यले मानिसहरूलाई चंगाई गर्नु भएको भए, उहाँले मानिसहरूलाई जे गर्नु भएको थियो त्यो कुरा अरुहरूलाई पनि बताई दिनु भनेर तिनीहरूलाई भन्नु हुने थियो ।

प्रभु येशूले गर्नु भएको चंगाईको पछाडि के कुरा प्रेरित थियो त ? धेरैचोटि धर्मशास्त्रले भन्दछ, उहाँ "दयाले भरिएर" चंगाई गर्नु हुन्थ्यो (हेर्नुहोस् मत्ती ९:३५-३६, १४:१४, २०:३४, मर्कूस १:४१, ५:१९, लूका ७:१३) । प्रभु येशूले चंगाई गर्ने कारण उहाँले मानिसहरूलाई प्रेम गर्नु हुन्थ्यो र उहाँ तिनीहरूलाई देखेर दयाले भरिनु हुन्थ्यो । के प्रभु येशू उहाँको पृथ्वीको सेवकाइको समयदेखि उता कहिले कम दयावन्त हुनु भयो ? के उहाँको प्रेम घटेको छ ? वास्तवमै घटेको छैन !

## Another Objection: God wants me to be sick for some reason
## अर्को बिरोधः केही कारणले परमेश्वरले मलाई बिरामी भएको चाहनु हुन्छ ।"

हामीले अध्ययन गरी सकेका सबै धर्मशास्त्रका पदहरूको प्रकाशमा त्यो कुरा असम्भव छ । यदि तपाई अनाज्ञाकारितामा दृढ भइरहनु भएको छ भने, परमेश्वरले तपाईंलाई पश्चातापमा ल्याउनको लागि उहाँले तपाईमाथि बिरामीपनलाई आउन अनुमति दिनुभएको छ भन्ने कुरा सत्य हुन सक्छ । तर अझै पनि तपाई बिरामी नै भैरहनुभएको होस् भन्ने परमेश्वरको इच्छा चाँहि होइन । तपाईंले पश्चाताप गरेर चंगाई पाउनुभएको होस् भनेर उहाँ चाहनुहुन्छ ।

यसको अतिरिक्त, यदि परमेश्वरले तपाई बिरामी भएको होस् भन्ने चाहनु हुन्छ भने, तपाई किन निको हुने आशामा औषधी प्रयोग गर्नलाई डाक्टरकहाँ जानुहुन्छ ? के तपाई "परमेश्वरको इच्छा" देखि बाहिर जाने प्रयत्न गरिरहनुभएको छ ?

## A Final Objection: If we never suffer disease, how will we die ?"
## अन्तिम बिरोधः यदि हामीहरू रोगको शिकार भएनौ भने, हामी कसरी मर्छौं ?

हाम्रो शारीरिक शरीर नाश हुँदै जान्छ भनेर बाइबलले सिकाउँछ भनेर हामीलाई थाहा छ (हेर्नुहोस् २ कोरिन्थी ४:१६) । हामीले हाम्रो कपाललाई फुल्नबाट रोक्न र हाम्रो शरीरलाई बुढो हुनबाट रोक्न सक्नको लागि कुनै पनि त्यस्तो कुरा छैन । अन्तिममा हाम्रो देख्ने र सुन्ने कुरा पनि हामी पहिले जवान हुँदाको जस्तो राम्रो हुँदैन । हामी चाँडो गरी दौड्न पनि सक्दैनौं । हाम्रो आँट पनि त्यति दह्रो हुँदैन । हामी बिस्तारै-बिस्तारै थाक्दै गइरहेका हुन्छौं । तर त्यसको मतलब हामी चाँडै रोग वा बिमारको कारण मर्नु पर्दछ भन्ने चाँहि होइन । हाम्रो शरीरले केवल पूर्ण रूपमा छोड्दछ र जब हामी मर्दछौं, तब परमेश्वरले हामीलाई स्वर्गको घरमा बोलाउनु

भएपछि हाम्रो आत्माले शरीरलाई छोड्दछ । धेरै विश्वासीहरू त्यस प्रकारले मरेका छन् । तपाईं चाँहि किन मर्नु हुन्न र ?